**संघीय संसद**
**प्रतिनिधि सभा**
**विकास तथा प्रविधि समिति**
**बैठक संख्या : १३४**

मितिः २०७८/११/११

छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव, रक्षा मन्त्रालयका सचिव, वन तथा वातावरण मन्त्रालयका सचिव, काठमाडौं-तराई/मधेश द्रुतमार्ग (Express way) सडक आयोजनाका प्रमुख र सम्वद्ध पदाधिकारीहरुसँग काठमाडौं-तराई/मधेश द्रुतमार्ग(Express way)सडक आयोजनाको हालसम्मको कार्यप्रगति र समस्याका सम्बन्धमा छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१. काठमाडौ-तराई/मधेश द्रुतमार्ग आयोजनाको प्याकेज नं ४ र ५ को ठेक्का प्रक्रिया पूर्व तयारीको कार्य सम्पन्न नगरी सुरु गरेको र कानुन सम्मत नभएको भनी प्रश्न उठेकोले यसको यथार्थ विवरण ७ (सात) दिनभित्र समितिमा पेश गर्न समिति नेपाल सरकार रक्षा मन्त्रालय र काठमाडौ-तराई/मधेश द्रुतमार्ग आयोजनालाई निर्देश गर्दछ ।
२. काठमाडौ-तराई/मधेश द्रुतमार्ग आयोजनाको समितिका माननीय सदस्य, आमन्त्रित माननीय सदस्य, विषयविज्ञ एवं सचिवालयका कर्मचारीहरु सहितको संसदीय टोलीले २०७८ फागुन २९ देखि चैत्र ०१ गतेसम्म स्थलगत अध्ययन अवलोकन भ्रमण गर्ने ।
३. समितिबाट गठित काठमाडौ-तराई/मधेश द्रुत मार्ग आयोजना अध्ययन उपसमितिलाई दिइएको कार्यक्षेत्रसँग सम्वद्ध विषयहरुमा अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्न २०७८ असोज १३ गतेसम्म म्याद थप भएकोमा कोभिड-१९ को संक्रमण दर उच्च भइ उपसमितिलाई काम गर्न वाधा पुग्न गएकोले आजकै मितिदेखि २ महिनाका लागि उपसमितिको म्याद थप गर्ने निर्णय भयो ।
४. समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगीत भयो ।

(ओमबहादुर कार्की)
समिति सचिव

(कल्याणी कुमारी खड्का)
सभापति